Standard Chartered
Standard Chartered Bank Nepal Limited स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको
# तीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति **८ मंसिर २०७३ (२३ नोभेम्वर २०१६)** गते बसेको **संचालक समितिको ३४८औं बैठकले** निर्णय गरे अनुसार यस बैंकको **३०औं वार्षिक साधारण सभा** निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान:**

**सभा हुने मिति** : **२०७३ साल मंसिर ३० गते (१५ डिसेम्वर २०१६), बिहीबार ।**
**सभा सुरु हुने समय** : **दिउँसो १:३० बजे ।**
**स्थान** : **आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौ ।**

सभा ठीक समयमा सुचारु रुपले संचालन गर्नको लागि उपस्थिति पुस्तिका बिहान ११.४५ बजेदेखि खुला राखिने छ ।

**छलफलका विषय सूची:**

**क) सामान्य प्रस्ताव**

१. ३०औं वार्षिक साधारण सभाका लागि संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन र प्रमुख कार्यकारी अधिकृत एंव संचालकको प्रतिवेदन माथि छलफल र पारीत गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात र मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल र पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. १.७५ का दरले नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७३/७४ का लागि बैंकको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्ताव**

५. बैंकको अधिकृत पूँजी वृद्धि गरी रू. ८,००,००,००,०००/- (अक्षरेपी आठ अर्ब रुपैयाँ) पुचाउन स्वीकृत गर्ने ।
६. बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गरी रू. ३,७४,९९,०१,३३३ (अक्षरेपी तीन अर्ब चौहत्तर करोड उनान्सय लाख एक हजार तिन सय तेतिस रुपैयाँ) पुऱ्याउन ३३.३३ प्रतिशत (अर्थात प्रत्येक ३ शेयर बराबर १ शेयर) को अनुपातमा बोनश शेयर जारी गर्न स्वीकृत गर्ने ।
७. नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आ. व. २०७३/०७४ सम्म बैंकले चुक्ता पुँजी वृद्धि गरी रु. ८ अर्ब पुचाउनु पर्ने प्रावधान वमोजिम रु. ३,३०,००,००,००० (अक्षरुपी तिन अर्ब तिस करोड रुपैया) (प्रिमियमबाट प्राप्त हुने रकम समेत) बराबरको रकम संकलन गर्ने गरी प्रिमियम मूल्यमा जारी गर्नुपर्ने थप शेयरको हिसाब गर्ने, सो को लागि अपनाउनु पर्ने विधि, प्रकृया, मूल्य समेत निर्धारण

गर्ने लगायत धितोपत्र व्यवसायीको नियुक्ति, विवरणपत्र प्रकाशित गर्ने र अधिकारप्राप्त निकायहरु समक्ष निवेदन दिने, स्वीकृति लिने समेतका सो सँग सम्बन्धित आवश्यक सम्पूर्ण काम-कारवाही गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने ।

४. प्रस्ताव गरीए बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने । तथा प्रस्तावित संशोधनमा नियमनकारी निकाय(हरु) बाट कुनै सामान्य फेरबदल सुझाव भएमा सो सुझाव अनुसार आवश्यक फेरबदल गर्न बैंकको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै व्यक्तिलाई अख्तियारी दिने ।

**ग)** विविध ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. साधारण सभाको सूचना, वार्षिक आर्थिक विवरण र सञ्चालकको प्रतिवेदनको संक्षिप्त विवरण भएको संक्षिप्त वार्षिक आर्थिक विवरण, बैंकको प्रवन्धपत्रमा प्रस्तावित संशोधन, प्रोक्सी फारम तथा प्रवेश-पत्र प्रत्येक शेयरधनीको पत्राचारको ठेगानामा नियमानुसार पठाईने व्यहोरा जानकारी गराउँदछौं । सभामा उपस्थित हुने शेयरधनीहरुले उक्त सूचना साथै प्रेषित प्रवेश-पत्र वा आफ्नो कुनै एक **सक्कल शेयर प्रमाण-पत्र** वा **हितग्राही खाता नम्बर भएको संम्लग्न स्टेटमेण्ट** साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गर्दछौं । बैंकको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले बैंकमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ ।

२. माथी बुदाँ नं. १ मा उल्लेखित सम्पुर्ण विवरणहरु यस बैंकको वेबसाईट https://www.sc.com/np/investor-relations/en/index.html मा शेयरधनी महानुभावहरुको जानकारीका लागी राखिएको हुदाँ उक्त विवरणहरु नपाउने शेयरधनीहरुले माथी उल्लेखित बैंकको वेबसाईट हेर्नु हुन अनुरोध गर्दछौ ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंकको शेयर शाखा, नयाँ बानेश्वर, काठमाडौंमा सभा शुरु हुनुभन्दा कम्तिमा ७२ घण्टा अगाडि अर्थात् २०७३/०८/२७ गते दिउसो १.३० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु आवश्यक छ ।

४. प्रतिनिधि नियुक्त गरी सक्नुभएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिइसकेको भए पनि त्यस्तो प्रोक्सी स्वतः बदर हुनेछ ।

५. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन सक्नुहुनेछ ।

६. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुभएको अवस्थामा मैले यस अघि

दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि-पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भनी छुट्टै पत्र लेखी सभा सुरु हुनु भन्दा २४ घण्टा अगावै अर्थात् २०७३/०८/२९ गते दिउसो १.३० बजेभित्र बैंकको मुख्य कार्यालय, नयाँ बानेश्वरमा पठाएको अवस्थामा अन्य सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयरधनीले एकभन्दा बढी व्यक्तिहरुलाई प्रतिनिधि-पत्र (प्रोक्सी) नियुक्त गरेको पाइएमा त्यस्तो सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु बदर हुनेछ ।

७. नाबालक वा मानसिक विक्षिप्त शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन सक्नु हुनेछ ।

८. आफनो नाममा रहेको शेयर संख्या भन्दा बढी शेयर संख्या उल्लेख गरी प्रतिनिधि-पत्र (प्रोक्सी) दिएको अवस्थामा त्यस्तो सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु स्वतः बदर हुने छन् ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा झोला, ब्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने भएको हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।